लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर काठमाण्डौ

# प्रेस बिज्ञप्ति - १८१

# Press Release-181

मिति: २०७३।०९।१८ गते ।

## नियन्त्रित लागु तथा मनोद्धिपक पदार्थ सहित ३ जना पक्राउ

लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको बिशेष टोलिद्धारा निम्न मिति तथा परीमाणमा नियन्त्रित लागु तथा मनोद्धिपक पदार्थ सहित निम्न ब्यक्तिहरुलाई पक्राउ गरीएको छ ।

१. जिल्ला ललितपुर लेले गा.वि.स वडा नं. २ जन्म स्थान भई जिल्ला काठमाण्डौ का.म.न.पा वडा नं. १७ क्षेत्रपाटी डेरा गरी बस्ने बिमला थापा हुसेनलाई मिति २०७३।०९।१४ गते १४:०० बजेको समयमा का.जि.का.म.न.पा वडा नं.१७ नयां बजारबाट नियन्त्रित लागु तथा मनोद्धिपक पदार्थ बुप्रेनर्फिन २९ एम्पुल र डाईजेपाम ३९ एम्पुल सहित पक्राउ गरीएको छ । उक्त नियन्त्रित लागु औषधसंग मिसावट गरी दुरुपयोग हुने औषधि फेनारगन ४४ एम्पुल समेत निजको साथमा रहेको लेडिज ब्यागबाट बरामद गरीएको छ ।
निजको श्रीमान मन्सुर हुसेनलाई ला.औ.नि.ब्यूरोले मिति २०७२।०५।१६ गते का.जि.का.म.न.पा १२ टेकु स्थित माली पेट्रोल पम्पबाट नियन्त्रित लागु तथा मनोद्धिपक पदार्थ बुप्रेनर्फिन २२० एम्पुल र डाईजेपाम २२० एम्पुल सहित पक्राउ गरीएको थियो । मिति २०७३।०६।१७ गते सम्मानित जिल्ला अदालत काठमाण्डौबाट ३ बर्ष ६ महिना कैद र २ लाख रुपैया जरीवानाको फैसला भएका निज मन्सुर हुसेन हाल केन्द्रीय कारागार जगन्नाथ देवलमा सजांय भुक्तान गरिरहेका छन् ।

२. पक्राउमा परेका निज महिला बिमला थापा हुसेनबाट प्रारम्भिक अनुसन्धानको क्रममा खुलेको तथ्यको आधारमा लागु औषध नियन्त्रण ब्यूरोले मिति २०७३।०९।१८ गते बिहान ०८:०० बजेको समयमा भारत पुर्वी चम्पारण बिसुनपुरवा-७ घर भएका बर्ष १८ को बिक्की कुमार सिंहलाई नियन्त्रित लागु तथा मनोद्धिपक पदार्थ डाईजेपाम ३०० एम्पुल, बुप्रेनर्फिन २०० एम्पुल र फेनारगन २०० एम्पुल सहित र बर्ष १७ को संजित कुमार सिंहलाई नियन्त्रित लागु तथा मनोद्धिपक पदार्थ डाईजेपाम २०० एम्पुल, बुप्रेनर्फिन ३०० एम्पुल र फेनारगन ८०० एम्पुल सहित जिल्ला काठमाण्डौ, का.म.न.पा.वडा नं.-१३ कालीमाटीबाट पक्राउ गरीएको छ ।

निज बिक्की तथा संजित उक्त लागु औषध आफ्नो शरीरमा बेरी लुकाई ल्याएको अवस्थामा पक्राउ परेका हुन् । निजहरु आफै नेपाल-भारत सिमा क्षेत्रमा गई भारतबाट उक्त नियन्त्रित लागु तथा मनोद्धिपक पदार्थ ल्याउने गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

*निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ (संसोधन सहित) बमोजिम मुद्धा दर्ता भई थप अनुसन्धान भई रहेको छ ।*

*बरामद भएको ला.औ को आनुमानित अबैध बजार मूल्य रु. ८,६२,०००/- रहेको*

•••

*फोन नं. ४६०१०४८ / फ्याक्स नं. ४६०१९७८, ईमेल.*ncbnepal@gmail.com


काठमाण्डौ


Rest Room
अभियुक्त :- संजित कुमार सिंह

# प्रेस विज्ञप्ती- १८०
# Press Release- 180

लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं

मिति:-२०७३/०९/१३ गते

## नियन्त्रित लागु तथा मनोद्विपक पदार्थ तथा खैरो हिरोईन सहित मानिस पकाउ

१. जिल्ला मोरङ्ग केराबारी गा.बि.स.वडा नं.-३ घर भई हाल जिल्ला काठमाण्डौ, गोकर्णेश्वर नगरपालिका वडा नं.-१३ जोरपाटी नयाँबस्ती बस्ने बर्ष २७ को राजकुमार याक्खालाई मिति २०७३/०९/१० गते ०९:३० बजेको समयमा जिल्ला काठमाण्डौ, गोकर्णेश्वर नगरपालिका वडा नं.-१३ जोरपाटी नयाँबस्तीबाट ***नियन्त्रित लागु तथा मनोद्विपक पदार्थ बुप्रेनर्फिन ७० एम्पुल र डाईजेपाम ७० एम्पुल*** सहित पक्राउ गरीएको छ । उक्त नियन्त्रित लागुऔषध संग मिसावट गरी दुरुपयोग हुने फेनारगन ७० एम्पुल सहित निजको साथबाट बरामद गरीएको छ । निज सँगै जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं.-१५ घर भई हाल जिल्ला काठमाण्डौ, गोकर्णेश्वर नगरपालिका वडा नं.-१३ जोरपाटी नयाँबस्ती बस्ने बर्ष ३० को पदम बिश्वकर्मालाई समेत सोही स्थानबाट पक्राउ गरीएको छ ।

२. जिल्ला ताप्लेजुङ्ग सान्था क्रागा.बि.स.वडा नं.-२ घर भएका बर्ष ३१ को अनिललिम्बूलाई मिति २०७३/०९/१२ गते बेलुका २०:०० बजेको समयमा जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं.-३५ कोटेश्वरबाट ***लागु औषध खैरो हेरोईन १९(उन्नाईस) ग्राम,*** सानो डिजिटल तराजु १ थान सहित पक्राउ गरीएको छ । निज आफै कांकडभित्ता गई नेपाल भारतको सीमा क्षेत्रबाट उक्त खैरो हिरोईन खरिद गरी ल्याएको प्रारम्भिक अनुसन्धानबाट खुल्नआएको छ ।

निजहरु उपर लागु औषध(नियन्त्रण)ऐन, २०३३ (संसोधन सहित) बमोजिम मुद्धा दर्ता भई थप अनुसन्धान भईरहेको छ ।

• • •







फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८ , ईमेल : ncbnepal@gmail.com